**करार शिक्षक,बा.वि.के.स.का तथा विद्यालय कर्मचारी छनौट परीक्षा सञ्चालन कार्यविधी २०७८**

**प्रस्तावनाः**

ताप्ली गाउँ कार्यपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा नेपाल सरकारबाट प्राप्त स्वीकृत साधारण, राहत दरबन्दिको शिक्षक, बाल विकास केन्द्रको सहजकर्ता तथा विद्यालय कर्मचारीको पद कुनै पनि कारणले रिक्त हुन आएमा सो पदमा नियमानुसार करारमा नियुक्ति प्रक्रियाको लागि ताप्ली शिक्षा ऐन २०७७ शिक्षा नियमावली २०७७ र  प्रचलित कानुन बमोजिम परिक्षा सञ्चालन गर्नको लागि आवश्यक जनशक्ति परिचालन व्यवस्थापनको लागि आवश्यक खर्च रकम विद्यालयले बेहोर्दै आएकोमा ताप्ली गाउँपालिकाको आ .ब २०७८/७९ को शिक्षा तर्फको पुजींगत बजेटमै  करार शिक्षक छनोट परीक्षा सञ्चलन शीर्षकमा विनियोजन गरी उक्त रकमको सहि सदुपयोग गर्नको लागि कार्यविधि तयार गरी कार्यपालिकाबाट स्वीकृत गराई सोही अनुसार खर्च गर्ने व्यवस्था मिलाउने  सम्बन्धमा ताप्ली गाउँ शिक्षा समितिको मिति २०७८/५/१९ को निर्णयानुसार ताप्ली गाँउपालिकाको शिक्षा ऐन २०७६ को दफा ४५ तथा ताप्ली शिक्षा नियमावली २०७७ को नियम ५४ र ५५ को  उपनियम १,२,३,४,५,६,७.८,९,१० मा उल्लेख भएअनुसारको कार्य गर्न , ताप्ली शिक्षा नियमावली २०७७ को नियम ११६ को अधिकार प्रयोग गरी गाउँपालिकाको सामुदायिक विद्यालयहरुमा शिक्षक तथा कर्मचारीहरु काररमा पदपुर्ति तथा व्यवस्थापनमा विद्यालयलाई पर्ने आर्थिक भार कम गरि सरल, सही र पारदर्शी ढङ्गबाट कार्यान्वयन गर्न वाञ्छनीय भएकाले ,

ताप्ली गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ । यो कार्यविधि ताप्ली गाँउ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुको लागि लागु हुनेछ ।

## परीच्छेद– १
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "करार शिक्षक,बा.वि.के स.का तथा विद्यालय कर्मचारी छनौट परीक्षा सञ्चालन कार्यविधि २०७८ " रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुने छ ।

२. **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "ऐन" भन्नाले  ताप्ली गाउँ शिक्षा ऐन, २०७७ लाई सम्झनुपर्छ।

(ख) नियमावली भन्नाले ताप्ली गाँउपालिकाको शिक्षा नियमावली २०७८ लाई सम्झनुपर्छ ।

(ग) "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी लाई सम्झनुपर्छ ।

(घ) "विषय विज्ञ " भन्नाले ताप्ली गाउँपालिकामा सुचिकृत भएका वा शिक्षा विकास तथा समन्वय इकाइ उदयपुरले विषय विज्ञमा सुचिकृत गरेको सम्बन्धित तहको  शिक्षक वा विज्ञलाई सम्झनुपर्छ ।

(ङ) " गाउँपालिका " भन्नाले ताप्ली गाउँपालिकाको लाई सम्झनुपर्छ ।

(च) “शिक्षा समिति” भन्नाले ताप्ली गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

(छ) "शिक्षा शाखा" भन्नाले ताप्ली गाउँपालिकाको कार्यालयको  शिक्षा शाखालाई सम्झनुपर्छ ।

(ज) "प्रधानाध्यापक"भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षकलाई सम्झनुपर्छ।

(झ) "शिक्षक छनोट समिति"भन्नाले ताप्लि शिक्षा नियमावली २०७७ को नियम ...... बमोजिमको समितिलाई सम्झनुपर्छ ।

(ञ) " कार्यपालिका " भन्नाले ताप्ली गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ट) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति र स्वीकृति लिई ताप्ली गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयलाई सम्झनुपर्छ ।

(ठ) " प्रचलित कानुन " भन्नाले ताप्ली गाउँपालिकाको शिक्षा ऐन २०७७, ताप्ली शिक्षा नियमावली २०७७, शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९,स्थानिय सरकार सञ्चालन ऐन २०७४,शिक्षक सेवा आयोग नियमावली २०५७, नेपालको संविधान २०७२ लगायत नेपाल सरकारका अन्य ऐन नियम तथा कानुनलाई सम्झनुपर्छ ।

परिच्छेद -२

अनुमति,शिक्षक छनोट समिति, विज्ञापन र पाठ्यक्रम सम्बन्धी व्यवस्था

३. **अनुमतिः** सामुदायिक विद्यालयमा अनिवार्य अवकास स्वेच्छिक अवकास सरुवा वा अन्य कारणबाट रिक्त रहेको स्वीकृत दरबन्दी तथा राहात अनुदान कोटाका शिक्षक पद, विद्यालय कर्मचारी,बाल विकास सहजकर्ता सामुदायिक सिकाई केन्द्रका सहजकर्ता र शिक्षण सिकाइ सहयोग अनुदान शिक्षक पदमा करामा नियुक्ति गर्नका लागि विद्यालय व्यवस्थापन समितिले रिक्त भएको कारण जनाई शिक्षक नियुक्तिका लागि अनुमति माग भएमा ताप्ली गाउँपालिका शिक्षा शाखामा रहेको दरबन्दी तेरीज अनुसार ठिक भए नभएको रुजू गरी ठिक भएमा विज्ञापनको लागि गाउँपालिकाले अनुमति दिन सक्नेछ ।

४. **छनोट समिति सम्बन्धी व्यवस्थाः** सामुदायिक विद्यालयमा रिक्त रहेको स्वीकृत दरबन्दी तथा करार, राहात अनुदान कोटाका शिक्षक पद ,विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता, सामुदायिक सिकाई केन्द्रका सहजकर्ता र शिक्षण सिकाइ सहयोग अनुदान शिक्षक पदमा करामा नियुक्ति गर्नका लागि ताप्ली गाउँपालिकाको शिक्षा ऐन २०७६ र ताप्ली गाउँपालिको शिक्षा नियमावली २०७७ मा व्यवस्था भए बमोजिमको शिक्षक छनोट समिति रहनेछ भने वालविकास सहजकर्ता विद्यालय कर्मचारी तथा सामुदायिक सिकाइ केन्द्रको सहजकर्ता छनोटको लागि शिक्षा शाखाको अधिकृत, सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्ष र प्र.अ समेत रहने गरी बढिमा तीन सदस्य रहने गरी एक समिति रहनेछ ।विज्ञको लागी विद्यालयको माग अनुसार सम्बन्धित क्षेत्रमा विज्ञता भएको व्यक्तिलाइ गाउँपालिकाले खटाउन सक्नेछ ।उक्त समितिको पदावधी करार शिक्षक कर्मचारी तथा सहजकर्ता सिफारिस भएपछि स्वत सकिनेछ ।

५. **विज्ञापन सम्बन्धी व्यवस्थाः** सामुदायिक विद्यालयमा रिक्त रहेको स्वीकृत दरबन्दी तथा राहात अनुदान कोटाका शिक्षक पद, विद्यालय कर्मचारी,बाल विकास सहजकर्ता सामुदायिक सिकाई केन्द्रका सहजकर्ता र शिक्षण सिकाइ सहयोग अनुदान शिक्षक पदमा करामा नियुक्ति गर्नका लागि ताप्ली गाउँपालिकाबाट अनुमति प्राप्त गरेपछि वि.व्य.स को बैठक बसी कम्तिमा १५ दिनको म्याद राखी विज्ञापन गर्नु पर्नेछ ।

विज्ञापन स्थानीय रेडियो पत्र पत्रिका र सम्बन्धित नियकायबाट समेत प्रकाशन तथा टाँस गर्नुपर्नेछ ।विज्ञापन गर्दा सुचनामा सम्पुर्ण विवरण खुलाइ विज्ञापन गर्नुपर्नेछ ।

६. परीक्षाको पाठ्यक्रमः आधारभुत तह (१-५) र आधारभुत तह (६-८) को शिक्षक पद र माध्यमिक तह ( साविक उ.मा.शि / मा.शि द्बितीय समेत)को शिक्षक पदको छनोट परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगको प्रा.शि तृतीय, नि.मा.शि तृतीय र मा.शि तृतीय श्रेणीको खुला प्रतियोगीतात्मक परीक्षाको पाठ्यक्रम अनुसार हुनेछ भने बाल विकास सहजकर्ता, विद्यालय सहायक कर्मचारी , विद्यालय सहयोगी र सामुदायिक अध्ययन केन्द्रको सहजकर्ता छनोट प्रतियोगीतात्मक परीक्षाको पाठ्यक्रम अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद– ३

## परीक्षा सञ्चालन तथा परीक्षा केन्द्र सम्बन्धी व्यवस्था

७. **परीक्षा सञ्चालनः** सामुदायिक विद्यालयको लागि करारमा शिक्षक तथा कर्मचारी छनोट परीक्षा सञ्चालन सम्बन्धित विद्यालयको वि व्य स अध्यक्षको संयोजकत्वमा ताप्ली शिक्षा ऐन २०७८ तथा नियमावली २०७८ बमोजिमको करार शिक्षक छनोट समितिले गर्नेछ । उक्त परीक्षामा सम्बन्धित विद्यालय वा गाँउपालिकाबाट शिक्षा विकास तथा समन्वय इकाइबाट समेत कर्मचारीलाइ प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ ।

८. **परीक्षा केन्द्रः** शिक्षक छनोट समितिको सचिवालय सम्बन्धित विद्यालयमै रहनेछ ।यद्यपी परीक्षा सञ्चालनमा सुरक्षित अनुशासित मितव्ययी मर्यादित निष्पक्ष एकरुपता को वातावरण सुनिश्चित गर्न र सम्बन्धित सरोकारवालाहरुको मात्र सहि सहभागीता गराउनको लागि ताप्ली गाँउपालिकाको कार्यालय रुपाटारमै सम्बन्धित विद्यालयको वि.व्य. स वा करार शिक्षक छनोट समितिको सिफारिसमा केन्द्र कायम गरिनेछ ।

९. प्रत्येक विद्यालयको लागि करारमा शिक्षक बा वि के स का तथा विद्यालय कर्मचारी छनोट परीक्षा प्रत्येक पटक सञ्चालन गर्दा आवश्यक खर्च पालिकाले विनियोजन गरेको बजेटबाट देहाय बमोजिमले व्यवस्थापन गरिनेछ ।

| क.स | विवरण | रकम | |
|---|---|---|---|
| १ | करार शिक्षक छनोट समितिको सदस्यको पारीश्रमिक | रु.२५०० | प्रति व्यक्ति प्रति परीक्षा |
| २ | खाजा व्यवस्थापन | रु.१५० | प्रति व्यक्ति प्रति परीक्षा |
| ३ | सहयोगी कर्मचारी व्यवस्थापन का.स<br>कम्प्युटर प्राविधिक | रु .५००<br>रु.१५०० | प्रति व्यक्ति प्रति परीक्षा<br>प्रति व्यक्ति प्रति परीक्षा |
| ४ | स्टेशनरी व्यवस्थापन | आवश्यकता अनुसार | |

१०. शिक्षक, कमर्चारी र सहजकर्ता छनोट सिफारिस समितिले छनोट गर्न दहोय बमोजिम प्रकृयाहरू अवलम्बन गर्नु पर्नेछ :क) शिक्षक, कर्मचारी, बालविकास सहजकर्ता, सामदुायिक सिकाइ केन्द्रका परिचालिका र शिक्षण सिकाइ अनदुानमा छनोट गर्न विद्यालयको प्र.अ. सदस्य सचिव भै काम गर्ने र छनोट समितिको सचिवालय विद्यालयमा रहनेछ ।

ख) शिक्षक, कर्मचारी, बालविकास सहजकर्ता, सामदुायिक सिकाइ केन्न्रका परिचालिका छनोट सम्बन्धी परीक्षा गाउँपालिकामा हुनेछ ।

ग) शिक्षक छनोट समितिले शिक्षक छनोटका लागि लिइने लिखित तथा अन्तर्वार्ताकव परीक्षा समाप्त भै प्रयोगात्मक परीक्षा लिनुपरेमा विषय र पदको प्रकृति हेर्री प्रयोगशाला रहेको स्थानमा लिनुपर्नेछ ।

घ) शिक्षक, कर्मचारी र सहजकर्ता छनोट समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

ङ) छनोट समितिमा रहने सदस्यहरूमध्ये कुनै उम्मेदवारको नातागोता पर्ने भएमा निज समितिमा बस्न मिल्नेछैन ।

च) कुनैपनि शिक्षक, कर्मचारी र सहजकर्ता पदका लागि लिईने परीक्षा दस्तुर विद्यालय व्यस्थापन समितिले निर्धारण गरेबोजिम हुनेछ तर शिक्षक सेवा आयोगले लिने दस्तुर भन्दा वढि हुनेछैन ।

छ) परीक्षाका लागि प्रयोग गरिने प्रश्नपत्रहरू प्रश्नपत्र बैङ्कबाट तयार गरी बस्तगुत, विषयगत र समहूगत रूपमा १/१ सेट गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा अधिकृतले विद्यालयले गठन गरेको छनोट समितिको रोहबरमा परीक्षा सुरु हुनु भन्दा १ घण्टा अगाडी निकाली परीक्षा सञ्चालन गरिनेछ ।

ज) शिक्षक पदमा लिखित परीक्षाको प्रथम पत्रमा उत्तीर्ण भएका उम्मेदवार मात्र दोस्रो पत्रको परीक्षामा समावेश हुन योग्य मानिनेछ ।

झ) लिखित परीक्षा समाप्त भै सके पछि उत्तरपुस्तिकाहरु कोडिङ, डिकोडीङ गरी २ जना विषय विज्ञबाट परीक्षण गराउनुपनेछ ।

ञ) दईु जना परीक्षकबाट परीक्षण भएको उत्तर पुस्तिकाको प्राप्ताङ्कलाई औषतमा निकाली नतिजा प्रकाशन गर्नुपर्नेछ ।

ट) दुवै परीक्षकले परीक्षण गरेको उत्तर पुस्तिकामा ७.५ अंकभन्दा बढी अकं फरक (अन्तर) भएमा पनुः परीक्षण गराउनुपर्नेछ ।

ठ) मुल परीक्षकले परीक्षण गरेको उत्तर पूस्तिकामा शंका लागेमा अन्य विज्ञ बोलाई पनुः परीक्षण गराउनुपर्नेछ ।

ड) शिक्षक छनोटसम्बन्धी थप प्रकृया यस कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

११. परीक्षा, अन्तर्वार्ता र योग्यताक्रम सम्बन्धी थप व्यस्था :

क) लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा सामान्यतया परीक्षा छनोट समितिले तोकिए बमोजिम हुनेछ ।

ख) लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षा सञ्चालन कपी परीक्षण लगायतका थप प्रकृयाहरू तोकिए बमोजिम हुनेछ ।

ग) छनोट समितिले विषयगत प्रकृति हेरी लिखित, मौखिक र प्रयोगात्मक परीक्षा समेत लिनसक्नेछ तर उम्मेदवारलाई प्रभावित पार्ने छनोट सम्बन्धी सिमित दायरा बनाई ब्यक्ति लक्षित गर्ने आधारहरु तय गर्न मिल्ने छैन ।

घ) अन्तर्वार्तामा बस्दा कम्तिमा ३५% र बढिमा ७०% भन्दा घटीबढी अङ्क दिन पाइनेछैन ।घटीबढी दिनुपरेमा कारण खुलाउनुपर्नेछ ।

ङ) शिक्षक नियुक्तिका लागि सिफारिस भएको उम्मेदवारहरूको योग्यताक्रम प्राप्ताङ्कको आधारमा प्रकाशित गरिनेछ र अन्तम नतिजाको सची प्रकाशन गर्दा नियुक्तिका लागि सिफारिस उम्मेदवार र कम्तिमा १ जना बैकल्पिक उम्मेदवारको सिफारिस गर्नुपर्नेछ तर छनोट प्रकृयामा बैकल्पिक उम्मेदवार सिफारिस हुन नसकेमा नतिजा प्रकाशनमा बाधा पर्ने छैन ।

परिच्छेद-४

१२. करारमा यिक्षक नियुक्ति सम्बन्धी व्यस्था-

क) शिक्षक छनोट समितिबाट सिफारिस भै आएको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले बढीमा १ (एक) शैक्षिक सत्रका लागि करारमा नियुक्ति गर्न सक्नेछ ।

ख) यसरी नियुक्ति गर्दा सेवा सुविधा सहित उल्लेख गरी करार गराई नियुक्ति गर्नुपर्नेछ

ग) करारमा नियुक्ति गरेको शिक्षकको फाइल अभिलेखिकरण गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुनेछ ।

घ) करारमा शिक्षक नियुक्ति भएको १(एक) शैक्षिक सत्र भित्र पनि सो पदमा स्थायी पदपुर्ति नभएमा विद्यालय व्यवस्थापन समितिले ६/६ महिनाको लागि करार म्याद थप गर्न सक्नेछ । यसरी म्याद थप भएको जानकारी गाउँपालिकालाई सम्बन्धितत विद्यालयले दिनपर्नेछ ।

परिच्छेद - ५

१३. विषय विज्ञ सम्बन्धी व्यवस्थाः

१. यस कार्यविधिको परिच्छेद २ को दफा ४ मा उल्लेख गरिएको शिक्षक छनोट समितिको व्यवस्था अनुसारको विषय विशेषज्ञ सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) विषय विशषज्ञको सुचीकृत गर्नका लागि प्रत्येक महिनामा सचीकृत हुन चाहनेहरूका लागि कम्तिमा १५ (पन्ध्र) दिने म्याद राखी गाउँपालिकाले सचूना प्रकाशन गर्नेछ ।

ख) विशेषज्ञ सचूीकृत हुनका लागि तोकिएको योग्यता र सर्तहरु पुरा गरेको हुनुपर्नेछ ।

ग) विषय विशेषज्ञ ३ (तीन) बर्षको लागि सचीकृत गरिनेछ भने आवश्यकता अनुसार विच अवधिमा सुचीमा थप/ अद्यावधिक गराउन सकिनेछ ।

१४. विषय विशेषज्ञ हुनका लागि देहाय बमोजिमको योग्यता पुगेका व्यक्ति योग्य हुनेछन्।

क) माध्यमिक तह (९-१२) का लागि विज्ञ सचूीकृत हुन सम्बन्धित तहमा ५ वर्ष सेवा भएको र शिक्षा शास्त्र अन्तर्गत सम्बन्धित विषयमा स्नातक वा स्नातकोत्तर गरेको ।

ख) आधारभुत तह लागि विज्ञ सुचीकृत हुन सम्बन्धित तहमा ५ वर्ष शिक्षण अनुभव भइ शिक्षा शास्त्र अन्तर्गत सम्बन्धित विषयमा स्नातक गरेको ।

ग) विषय विज्ञ सुचिकृत हुन चाहनेले जुन तहमा सचीकृत हुन चाहको हो सोही तहका लागि आवेदन दिनु पर्नेछ ।

घ) दफा क) बमोजिम निम्न माध्यमिक र माध्यमिक तहको विषयगत परीक्षा सञ्चालन गर्दा सम्बन्धित विषयको विशेषज्ञ गाउँपालिका भित्र सचिकृत नभएको अवस्थामा जिल्ला भित्रका अन्य पालिकाका सचीकृत विषय विशेषज्ञबाट छनोट गरी परीक्षा सञ्चालन गर्नेछ ।

ङ) दफा घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला भित्रका अन्य पालिकामा पनि सचूीकृत विषय विशेषज्ञ उपलब्ध नभएमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका विज्ञलाई आमन्त्रण गरी परीक्षा सञ्चालन गरीनेछ।

परिच्छेद -६

१५. **शिक्षा शाखाः** शिक्षा शाखाको भूमिका देहाय बमोजिम हुनेछ :

(क) गाउँ शिक्षकको नियुक्ति तथा व्यवस्थापन सम्बन्धी कार्य गरी सो अनुसारको अभिलेख राखे ,
विद्यालय र प्रधानाध्यापकलाई आवश्यक निर्देशन दिने

(ख) गाउँ कार्यपालिका र शिक्षा समितिले दिएको निर्देशनबमोजिम अन्य कार्य गर्ने गराउने।

१६. **विद्यालयः** विद्यालयको भूमिका देहायबमोजिम हुनेछः

(क) गाउँपालिकामा सञ्चालन हुने परीक्षालाई व्यवस्थित गर्न सहयोग र समन्वय गर्ने।शिक्षक छनोट समितिबाट सिफारिस भएका शिक्षकलाइ नियुक्ति दिई विद्यालयमा हाजीर हुन आउने शिक्षकलाई प्रधानाध्यापकले अनिवार्य हाजिर गराई सोको जानकारी शिक्षा शाखामा पठाउने।

१७. **बाझिएमा अमान्य हुनेः** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ ।

## अनुसूची- १

ताप्ली गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा रिक्त हुने प्रारम्भिक बाल विकास सहजकर्ता तथा सामुदायिक केन्द्र परिचालक ,विद्यालय लेखा सहयोगी कर्मचारी र विद्यालय सहयोगी (का.स) पदको करार पदपुर्तीको खुला प्रतियोगीतात्मक परीक्षाको पाठ्यक्रम २०७८

### १. प्रारम्भिक बाल विकास केन्द्रको सहजकर्ता

**पदः सहजकर्ता** **तहः प्रारम्भिक बाल विकास केन्द्र**

यस पाठ्यक्रमलाइ दुई चरणमा विभाजन गरिएको छ।

प्रथम चरणः लिखित परीक्षा (विषयगत र वस्तुगत)

दोस्रो चरणः अन्तर्वार्ता

परीक्षा योजना

प्रथम चरणः लिखित परीक्षा

| पत्र | विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न सङ्ख्या | समय |
|---|---|---|---|---|---|
| पहिलो | शैक्षिक ज्ञान | ५० | वस्तुगत | २५*२ | ३० मिनेट |
| दोस्रो | शैक्षणिक कौशल | ५० | विषयगत | १०*५ | २ घण्टा |

**पहिलो पत्रः वस्तुगत**

१. प्रारम्भिक बालविकास शिक्षा परिचय,नीती तथा कार्यक्रम
२. प्रारम्भिक बाल विकास पाठ्यक्रममा आधारित शिक्षण
३. शिक्षक सक्षमताको प्रारुप- २०७६
४. विद्यालय सुधार योजना
५. पाठ्यक्रमको परिचय,निर्माण प्रक्रिया र तत्वहरु
६. स्थानीय पाठ्यक्रम
७. सामान्य ज्ञान तथा समसामयीक विषयवस्तुहरु
८. शिक्षासगँ सम्बन्धित नविनतम अभ्यासहरु,राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यासहरु
९. शैक्षिक सामाग्रीको परिचय,महत्व र प्रकारहरु
१०. बाल मनोविज्ञानको अवधारणा, वृद्धि र विकास
११. पूर्वबाल्यावस्थाको परिचय विकासात्मक पक्षहरु, विशेषताहरु
१२. आधारभुत तह १-३ एकिकृत पाठ्यक्रम
१३. नेपालको संविधान २०७२ मा शिक्षा सम्बन्धी प्रावधान
१४. स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा सम्बन्धी व्यवस्था
१५. नेपाल सरकारका विद्यालय शिक्षा सगँ सम्बन्धित विभिन्न योजना परियोजना तथा कार्यक्रमहरु
१६. नेपालको शिक्षाको तहगत संरचना र अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्था
१७. बाल विकास केन्द्र सञ्चालन तथा व्यवस्थापन
१८. शिक्षा सम्बन्धी विद्यमान ऐन तथा कानुनहरु शिक्षा ऐन २०२८ र शिक्षा नियमाली २०५९
१९. शिक्षण सिकाइमा सुचना तथा सञ्चार प्रविधिको प्रयोग महत्व र आवश्यकता
२०. बालमैत्री विद्यलाय र बालमैत्री कक्षाकोठा व्यवस्थापन

२१. प्रारम्भिक बाल विकास शिक्षाका सक्षमताहरु
२२. प्रारम्भिक बाल विकास तहको पाठ्यक्रम २०७६
२३. प्रारम्भिक बाल विकास केन्द्र र पूर्व प्राथमिक शिक्षाको न्यूनतम मापदण्ड २०६७
२४. प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका २०६६१
२५. शिक्षण विधि तथा पद्धती
२६. उपचारात्मक शिक्षण पद्धति
२७. सिकाइ र उत्प्रेरणा

<u>दोस्रो पत्रः विषयगत ज्ञान तथा शिक्षण विधि सम्बन्धी ज्ञान</u>

१. प्रारम्भिक बालविकास शिक्षा तथा पाठ्यक्रम
   क. प्रारम्भिक बाल विकास शिक्षाको अवधारणा र सक्षमताहरु
   ख. आधारभुत सीप सिकाइका क्षेत्र
      - शारीरीक सीप
      - संवेगात्मक सीप
      - सामाजीक सांस्कृतिक र नैतिक सीप
      - स्वास्थ्य पोषण सुरक्षा र वातावरण सीप
      - सिर्जनात्मक सीप
   ग. विषयगत सीप सिकाइका क्षेत्र
      - भाषिक सीप
      - पूर्व गणितिय सिप
      - दृश्यकला कार्यतरिका र सिर्जनशीलता
      - वातावरण विज्ञान
      - सामाजिक अध्ययन
२. प्रारम्भिक बालविकास केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका २०६१
३. प्रारम्भिक बालविकास केन्द्र र पूर्व प्राथमिक शिक्षाको न्युनतम मापदण्ड २०६७
   क. भौतिक पूर्वाधार
      - कक्षाकोठाको वातावरण
      - बसाइ व्यवस्थापन
      - सिकाइको क्षेत्रको व्यवस्थापन
      - सहजकर्ताले गर्नुपर्ने आबश्यक व्यवस्था
      - स्वास्थ्य सरसफाई पोषण र सुरक्षा
      - धारा पानी र सौचालयको व्यवस्था
   ख. बालविकास केन्द्रमा हुनुपर्ने न्यूनतम सामाग्री
      - सिकाई क्षेत्र अनुसार खेल सामाग्री
   ग. बाहिरी वातावरण
      - बाहिरी खेल र खेलका सामाग्री
   घ. मानवीय स्रोत साधन
      - सहजकर्ताको योग्यता गुण व्यवहार र सीप
      - सहजकर्ताको काम
      - अभिभावकले गर्ने र समुदायले गर्ने सहयोग
      - केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति

- बालबालिकाको उमेर सङ्ख्या र सिकाइ

ङ. प्रशासनिक व्यवसथापन

च. बालविकास केन्द्रमा गर्नुपर्ने न्युनतम क्रियाकलापहरु

४. असल शिक्षकका गूणहरु

५. प्रारम्भिक बालविकास नीती तथा कार्यक्रम

६. प्रारम्भिक बाल विकास पाठ्यक्रममा आधारित शिक्षण

७. शैक्षणिक सामाग्रि विकास

८. प्रारम्भिक बालविकास शिक्षामा शिक्षण सहजीकरण विधिको परिचय प्रयोग र महत्व

९. प्रारम्भिक बालविकास तहमा मुल्याङ्कन पद्धती

१०.बालमैत्री कक्षा व्यवस्थापन

११. प्रारम्भिक बाल विकास शिक्षामा सुचना तथा सञ्चार प्रविधि प्रयोग र महत्व

दोस्रो चरण

अन्तर्वार्ता

विषयवस्तु-५ अङ्क, प्रस्तुतीकरण -५ अङ्क,सामान्य ज्ञान - ५ अङ्क स्थानीय विवाहित महिला-२ अङ्क तोकिएको न्यूनतम शैक्षिक योग्यता (प्रथम श्रेणी- ३ अङ्क द्वितीय श्रेणी- २ अङ्क तृतीय श्रेणी-१ अङ्क)

द्रष्टव्यः

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली अङ्ग्रेजी बा दूवै हुन सक्छ ।

२. प्रथम चरणको पहिलो पत्र-सामान्य परीक्षामा उत्तीर्ण भएपश्चात मात्र दोस्रो पत्रको परीक्षामा सहभागी हुन पाइनेछ ।

३. परीक्षामा कुनै पनि प्रकारको विद्युतिय सामाग्रि प्रयोग गर्न पाइनेछैन ।

४. विषयगत प्रश्नको हकमा तोकिएको अङ्कको एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दूई भन्दा बढी भाग वा एउटा प्रश्न अन्तर्गत दुई वा दूई भन्दा बढी टिप्पणीहरु सोध्न सकिनेछ ।

५. प्रथम चरणको पहिलो पत्र-सामान्य परीक्षामा नेगेटिभ मार्किङको नियम लागु हुने छैन ।

## २. विद्यालय सहयोगी

क) लिखित परीक्षा योजना (वस्तुगत परीक्षा पुर्णाङ्कः १०० उत्तीर्णाङ्क : ५०)

१. लिखित परीक्षाको पाठ्यकम ढाँचा विषय क्षेत्र र अङ्कभार

| क.स | विषय क्षेत्र | प्रश्नको प्रकार | पुर्णाङ्क | प्रश्न सङ्ख्या | प्रति प्रश्नअंक भार | जम्मा अंकभार |
|---|---|---|---|---|---|---|
| १ | नेपालको शिक्षा संविधान शिक्षा ऐन तथा नियमावली | वस्तुगत | २० | १० | २ | २० |
| २ | नेपालको भूगोल | वस्तुगत | १० | ५ | २ | १० |
| ३ | नेपालको सास्कृतिक धार्मिक र सामाजिक व्यवस्था | वस्तुगत | १० | ५ | २ | १० |
| ४ | राष्टीय महत्वका समसामयिक घटनाक्रम र सामान्य ज्ञान | वस्तुगत | १० | ५ | २ | १० |
| ५ | नेपाली विषय | वस्तुगत | १० | ५ | २ | १० |
| ६ | अंग्रेजी विषय | वस्तुगत | १० | ५ | २ | १० |
| ७ | गणित विषय | वस्तुगत | १० | ५ | २ | १० |
| ८ | विद्यालय सञ्चालन सम्बन्धीत विविध गतिविधिहरुको जानकारी | वस्तुगत | २० | १० | २ | २० |
| | जम्मा | | १०० | ५० | | १०० |

द्रष्टव्य

वस्तुगत परीक्षाको लागि ६० मिनेट समय निर्धारण गरिएको छ ।

वस्तुगत प्रश्नहरुको गलत उत्तर दिए पनि गलत उत्तर वापत अंक कट्टा गरिनेछैन ।

ख) अन्तवार्ता २५ अंक - ( पूर्णाङ्क : २५  उत्तीर्णाङ्क :१०)

अन्तर्वार्ताका लागि छुट्याईएको २५ अङ्क देहाय बमोजिम दिईनेछ

१. आधारभुत तहको हकमा सम्बन्धीत वडाको र माद्यमिक तहको हकमा सम्बन्धीत स्थानीय तहको भएमा बढीमा ५ अङ्क दिईनेछ ।
२. शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए ३अंक र द्धितीय श्रेणी भए २ र तृतीय श्रेणी भए १ अंक र सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो योग्यताको प्रथम श्रेणी भए २ र द्धितीय श्रेणी भए १ अङ्क
३. तर अन्तरवातृाको अङ्क दिदा कुनै उम्मेदवारलाई ७० प्रतिशत भन्दा बढी र ३० प्रतिशत भन्दा कम दिनुपर्ने भएमा त्यस्तो अङ्क दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।
४. अन्तरवार्ताको १५ अङ्क खुलाउदा देहायको आधारमा अङ्क दिईनेछ ।

क) परिचय: २.५ अंक ख) विषयगत ज्ञान : ५ अङ्क  ग) प्रस्तुतीकरण : २.५ घ)सामान्य ज्ञान : ५ अंक

आज्ञाले
रामचन्द्र लामा
प्रमुख प्रशासकीय अधिकृत